जिल्ला समन्वय समितिको कार्यालय, कास्की

शहीदचोक, पोखरा

## सटर भाडामा लगाउने सम्बन्धी सिलबन्दी दरभाउपत्र आह्वानको सूचना

(प्रथम पटक प्रकाशित मिति २०७७।०८।०४ गते बिहिबार)

जिल्ला समन्वय समिति, कास्कीको मिति २०७७।०७।२६ गतेको निर्णयबमोजिम यस कार्यालय परिसरमा रहेका हाल प्याकेज सटरको रुपमा भाडामा लगाइएका तपसीलबमोजिमका ८ वटा सटरहरू अब उप्रान्त अलग अलग रुपमा भाडामा लगाइने भएकोले इच्छुक व्यक्ति वा फर्मले देहायका शर्तहरूको अधीनमा रही यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र रितपूर्वकको सिलबन्दी दरभाउपत्र पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

तपसील:

| सि.नं | सटर नं | न्यूनतम मासिक भाडादर (रू) | दरभाउपत्र फाराम दस्तुर (रु) | दरभाउपत्र खरिद गर्ने अन्तिम मिति र समय | दरभाउपत्र पेश गर्ने अन्तिम मिति र समय | दरभाउपत्र खोल्ने मिति र समय |
|---|---|---|---|---|---|---|
| १ | १ | २५,००० | १००० | सूचना प्रकाशित मितिले १५ औं दिन कार्यालय समयसम्म | सूचना प्रकाशित मितिले १६ औं दिन मध्यान्ह १२.०० बजेसम्म | सूचना प्रकाशित मितिले १६ औं दिन दिउँसो २.०० बजे |
| २ | २ | २०,००० | १००० | | | |
| ३ | ४ | २०,००० | १००० | | | |
| ४ | ६ | २५,००० | १००० | | | |
| ५ | ७ | २०,००० | १००० | | | |
| ६ | ९ | २४,००० | १००० | | | |
| ७ | १० | २५,००० | १००० | | | |
| ८ | ११ | ३०,००० | १००० | | | |

पुनश्चः उल्लेखित मितिमा सार्वजनिक विदा परेमा विदा पछि कार्यालय खुलेको पहिलो दिनलाई मानिनेछ।

शर्तहरू:

१. दरभाउपत्र फाराम रु.१००० दस्तुर तिरी यस कार्यालयबाट खरिद गर्न सकिनेछ।

२. दरभाउपत्र फाराम खरिद गर्दा व्यक्तिगत भए नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि र संस्थागत भए संस्था दर्ता प्रमाणपत्रको प्रतिलिपि र संचालकको नागरिकता प्रमाणपत्रको प्रतिलिपि निवेदनसाथ पेश गर्नुपर्नेछ। साथै, सटर भाडामा लिई आफूले सञ्चालन गर्न लागेको व्यवसायसँग सम्बन्धित दर्ता प्रमाणपत्र, इजाजतपत्र, भ्याट वा प्यान दर्ता प्रमाणपत्र तथा आ.व २०७६।७७ को करचूक्ता प्रमाणपत्रको प्रतिलिपि सिलबन्दी दरभाउपत्रसाथ संलग्न राखी पेश गर्नुपर्नेछ।

३. वार्षिक भाडावापत् कबोल गरेको कुल रकमको ५% ले हुन आउने धरौटी रकम को.ले.नि.का कास्कीको नाममा रा.बा.बैंक पृथ्वीचोक शाखामा रहेको धरौटी खाता नं. ३०२०१००१०२०३००००, कार्यालय कोड ३६५००३९०१ मा दाखिला गरी सो को सक्कल भौचर सिलबन्दी दरभाउपत्रसाथ संलग्न गर्नुपर्नेछ।

४. सम्झौताको अवधि [illegible] हुनेछ। सम्झौताका बखत ६ महिनाको भाडा रकम अग्रीम दाखिला गर्नुपर्नेछ। बाँकी ६ महिनाको भाडा पहिलो ६ महिना अवधि भुक्तान भएको १५ दिनभित्र दाखिला गरिसक्नुपर्नेछ। सो अवधिमा भाडा रकम दाखिला नगरेमा अर्को १५ दिनसम्म १०% जरिवानासहित भाडा रकम दाखिला गर्न सकिनेछ। उक्त अवधिमा पनि भाडा रकम दाखिला नगरेमा कार्यालयले सम्झौता रद्ध गरी धरौटी जफत गर्नुका साथै सटर तत्काल खाली गराइनेछ।

५. पानी र बिजुलीको महशुल सटर संचालक स्वयंले व्यहोर्नुपर्नेछ, सोसम्बन्धी थप शर्त सम्झौतापत्रबमोजिम हुनेछ।

६. जुन प्रयोजनका लागि सटर भाडामा लिएको हो, सोही प्रयोजनका लागि मात्र प्रयोग गर्नुपर्नेछ। अन्यथा पाइएमा सम्झौता खारेज गरी सटर खाली गराइनेछ।

७. मदिराजन्य पदार्थ एवं स्वास्थ्यलाई प्रतिकूल असर पार्ने तथा प्रचलित कानूनले निषेध गरेका वस्तु/सेवा विक्रीवितरण तथा प्रयोग गर्न पाइने छैन।

८. सटर वरपर तथा कार्यालय परिसरभित्र वातावरण प्रदूषित हुने गरी कुनै पनि प्रकारको फोहोरमैला गर्न पाइने छैन। उत्सर्जित फोहोरको उचित व्यवस्थापन सञ्चालक आफैंले गर्नुपर्नेछ।

९. सिलबन्दी दरभाउपत्र खोल्दा कार्यालयका प्रतिनिधि एवं दरभाउपत्रदाताहरूका प्रतिनिधिको रोहवरमा खोलिनेछ। केही वा सबै दरभाउपत्रदाता प्रतिनिधिहरू अनुपस्थित भएमा पनि सिलबन्दी दरभाउपत्र खोल्न बाधा परेको मानिने छैन।

१०. एउटा व्यक्ति वा फर्मले एकभन्दा बढी दरभाउपत्र खरिद तथा दाखिला गर्न पाउने छैन। साथै, जसको नाममा ठेक्का सकार हुन्छ, उसैले मात्र व्यवसाय सञ्चालन गर्नुपर्नेछ, पुनः अर्कोलाई भाडामा लगाउन पाइने छैन।

११. कार्यालयलाई आवश्यक परेको खण्डमा कार्यालयले १५ दिनको लिखित सूचना दिई सटर खाली गराउन सक्नेछ। यस्तो अवस्थामा कार्यालयले दामासाही रुपमा धरौटी रकम तथा अग्रीम भाडा रकम सञ्चालकलाई फिर्ता दिनेछ।

१२. पेश हुन आएका सिलबन्दी दरभाउपत्रहरूमध्ये सबैभन्दा बढी कबोल गर्ने दरभाउपत्रदाताको प्रस्ताव स्वीकृत गरी सम्झौता प्रकृया अगाडि बढाइनेछ। निजले म्यादभित्र रितपूर्वक सम्झौता नगरेमा निजको धरौटी जफत गरी दोस्रो बढी कबोल गर्नेसँग सम्झौता गरिनेछ।

१३. तोकिएको म्याद नाघी आएको, रित नपुगेको, कुनै शर्त राखी पेश भएको, सूचनाका शर्तहरू विपरित भएको दरभाउपत्रउपर कुनै कार्यवाही हुने छैन।

१४. सिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ।

१५. यसमा उल्लेख भएका कुराहरू यसैबमोजिम र अन्य कुराहरू प्रचलित कानुनबमोजिम हुनेछ।

१६. थप केही बुझ्नुपरेमा कार्यालय समयभित्र यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ।

७८/८/१८

जिल्ला समन्वय अधिकारी